नेपाल सरकार
## युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

प.सं.:- ०८२/८३
चलानी नम्बर:-

# प्रेस विज्ञप्ति ।

नेपाल र इजरायल सरकारबीच सन २०२० मा द्विपक्षीय श्रम सम्झौता भई इजरायलका विभिन्न संस्थागत दीर्घकालीन स्याहार केन्द्रहरुमा Long Term Auxiliary कामदारको रुपमा योग्यता पुगेका नेपालीहरुलाई सम्झौता गरी श्रमिकको रुपमा लगिदैं आइएको छ । मिति २०८१ असार ११ गते बैदेशिक रोजगार विभागबाट प्रकाशित विज्ञापन बमोजिम पेश हुन आएका दरखास्तहरुमध्ये तोकिएको न्यूनतम योग्यता पुगेकाहरु मध्येबाट PIBA ले नै Lottery बाट छनौट गरेका २११२ नेपाली श्रमिकहरुमध्ये धेरैजसो पुगिसकेको र बाँकी इजरायल जाने क्रममा रहेको अवस्था छ ।

यसैबीचमा PIBA को Lottery मा छनौट नभएका ११५३ जना उम्मेदवारहरुलाई यस प्रणालीमा समावेश गरी इजरायल लाने सन्दर्भमा यस मन्त्रालयबाट विभिन्न समयमा आवश्यक सहजीकरण र समन्वयका लागि कूटनीतिक पहल गरिएको ।PIBA को Lottery Out मा परेका उम्मेद्वारहरु एवम् अन्य सरोकारवाला पक्षबाट उल्लिखित Lottery Out मा परेकाहरुलाई कामदारका रुपमा इजरायल पठाउन पहल गरिदिन भनी पटक पटक यस मन्त्रालयमा अनुरोध भई छलफल समेत भएको। निजहरुको माग अनुसार यस मन्त्रालयबाट परराष्ट्र मन्त्रालय र नेपाल स्थित इजरायली राजदूतावासलाई आवश्यक कूटनीतिक पहलका लागि अनुरोध भइरहेकोमा Lottery Out का सन्दर्भमा हाल प्रक्रिया अघि बढाउन असमर्थ रहेको तर उल्लिखित इच्छुक व्यक्तिहरुले आगामी हुने विज्ञापनमा समवेश भई प्रक्रिया पूरा गरी पुनः सहभागी हुन सक्ने भन्ने विवरणको जानकारी PIBA बाट प्राप्त भएको। साथै, विभागबाट नयाँ लटको विज्ञापन हुने भएकोले योग्य Lottery out उम्मेद्वारहरु आगामी विज्ञापनमा समावेश हुन सक्ने देखिंने नै हुँदा हाल इजरायलसँग कार्यान्वयनमा रहेको श्रम सम्झौता, गन्तव्य मुलुकको नियम, प्रणाली र तथ्यगत यथार्थलाई मनन गरी माथि भनिए झै नयाँ विज्ञापनमा समावेश हुन सम्बद्ध Lottery out उम्मेद्वारहरुलाई मन्त्रालय हार्दिक अनुरोध गर्दछ ।

यसै गरी सन २००७ बाट रोजगार अनुमति (EPS) प्रणाली मार्फत नेपालीहरुको आकर्षक रोजगार गन्तव्यका रुपमा रहेको गणतन्त्र कोरियमा जान इच्छुक विभिन्न सेक्टरमा भाषा परीक्षा पास गरी प्रतिक्षारत उम्मेद्वारहरुले समेत रोष्टर थप, रोष्टर परिवर्तन र समयावधि थप गर्ने सन्दर्भमा पटक पटक यस मन्त्रालयमा माग पेश गरेको र सो विषय सम्बोधनका लागि मन्त्रालयको तर्फबाट गणतन्त्र कोरिया सरकार समक्ष अनुरोध गरेको व्यहोरा विदितै छ । सो सन्दर्भमा समेत नेपाल र गणतन्त्र कोरिया सरकारबीचको द्विपक्षीय श्रम समझदारी र रोजगार अनुमति प्रणाली अनुसारको प्रक्रिया हुने हुँदा यस सम्बन्धमा थप माग गरिरहन आवश्यक नभएकोले सोही व्यहोरा जानकारी गराउँदै सम्पूर्ण उम्मेद्वार र सरोकारवालाहरुलाई समेत सहयोग र समझदारीका लागि मन्त्रालय हार्दिक अनुरोध गर्दछ।

**२०८३ जेठ ५ गते मंगलबार**
**११४६ अनालाध्व तृतीया**

(पिताम्बर घिमिरे)
**सहसचिव /प्रवक्ता**

टेलिफोन नं.:- ०१-४२११९६३, ४२००४७६, ४२११६७८, ४२११७९१, फ्याक्स नं. ०१-४२११८७७,